# सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड
# Shangri - la Development Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

बालुवाटार–४, काठमाडौं, नेपाल, फोन नं: ०१–४४२१८६१/८६२
ईमेलः info@shangrilabank.com, वेवसाइटः www.shangrilabank.com

को

## शेयरधनीहरुलाई बोनस शेयर वितरणका लागि हितग्राही खाता उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस डेभलपमेन्ट बैंकको मिति २०७२/११/१४ गते सम्पन्न ११औं वार्षिक साधारण सभाले डेभलपमेन्ट बैंकका शेयरधनीहरूलाई २०.८५ प्रतिशतका दरले बोनस शेयर प्रदान गर्ने निर्णय गरेको व्यहोरा सहर्ष जानकारी गराउँदछौं । यस डेभलपमेन्ट बैंकले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भई शेयरको अभौतिकिकरण गर्न सकिने तथा कुनै पनि निक्षेप सदस्यमा रहेको हाम्रा शेयरधनीहरूको हितग्राही खातामा बोनस शेयर सोझै जम्मा गर्न सकिने व्यवस्था गरेको हुँदा दर्ता किताब बन्द हुनु अघि यस डेभलपमेन्ट बैंकको शेयरहरूको अभौतिकिकरण नगरिसकेका सम्पूर्ण शेयरधनी महानुभावहरूले यस डेभलपमेन्ट बैंकको शेयर रजिष्ट्रार श्री एनआईबिएल क्यापिटल मार्केटस लिमिटेड, लाजिम्पाट, काठमाडौं वा यस डेभलपमेन्ट बैंकमा आफ्नो हितग्राही खातामा सम्पूर्ण बोनस शेयर जम्मा गर्न मन्जुर रहेको व्यहोरा सहित तल उल्लेखित विवरण समावेश गरि निवेदन दिनुहुन अनुरोध छ ।

हितग्राही खाता नभएका शेयरधनीहरूले **श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ** वा अन्य कुनै पनि निक्षेप सदस्यमा हितग्राही खाता खोली एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडमा सम्पर्क गर्नुहुन साथै बोनस शेयर प्रमाणपत्र भौतिक रूपमा नै प्राप्त गर्न चाहने शेयरधनी महानुभावले सोही अनुसारको व्यहोरा खुलाई एनआईबिएल क्यापिटल मार्केट्स लि. वा यस डेभलपमेन्ट बैंकमा निवेदन दिनु भएमा भौतिक प्रमाणपत्र उपलब्ध गराईने व्यवस्था समेत गरिने व्यहोरा अनुरोध छ ।

**निवेदनका साथ उपलब्ध गराउनु पर्ने विवरणहरू:**

शेयरधनीको नाम, शेयरधनी परिचय नम्बर, निक्षेप सदस्यको नाम, हितग्राही खाता नम्बर (Demat Account Number/BO ID), शेयरधनीको दस्तखत ।

**नोट**: यस सम्बन्धी आवश्यक निवेदनको ढाँचा बैंकको शेयर रजिष्ट्रारको Website: www.niblcapital.com वा बैंकको Website: www.shangrilabank.com बाट प्राप्त गर्न सकिनेछ ।

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**NIBL CAPITAL**

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com